Rupantaran: A Multidisciplinary Journal
Vol. 9: Additional Issue, PP 73-88, Dec, 2025
ISSN (Print) : 2091-0061, ISSN (Electronic): 2738-9960
**DOI**: https://doi.org/10.3126/rupantaran.v9i01.89357
Research Management Cell (RMC)
Dhankuta Multiple Campus, Dhankuta
Tribhuvan University, Nepal

# कृष्ण बजगाईँका लघुकथामा राजनीतिक विषयका सारवस्तुको प्रयोजन

**यज्ञप्रसाद गुरागाईँ[1] पिएच डी**
इमेल : guragain.yagya@gmail.com

## सार

यस लेखमा लघुकथाकार कृष्ण बजगाईँका लघुकथामा राजनीतिक विषयका सारवस्तुहरूको प्रयोजनको अध्ययन गरिएको छ । बजगाईँका लघुकथामा सारवस्तु प्रस्तुतिका प्रयोजनहरू के के रहेका छन् भन्ने समस्याकथनमा आधारित भई उक्त लघुकथामा अभिव्यक्त राजनीतिक विषयका सारवस्तुका प्रयोजनहरूको निरूपण गर्नु यस लेखको उद्देश्य रहेको छ । गुणात्मक अनुसन्धान ढाँचाको अवलम्बन गरिएको यस लेखका लागि उद्देश्यपूर्ण नमुना छनोट विधिका आधारमा चयन गरिएका बजगाईँका लघुकथाहरूलाई प्राथमिक स्रोतका सामग्रीहरूको उपयोग गरी तिनको विश्लेषण गरिएको छ । यसबाट राजनीतिक बेथिति र बेइमानीपन, राजनीतिक असचेतता, राजनीतिक दमन, राजनीतिक नेताहरूको चारित्रिक दुरवस्था, तिनको व्यवहारमा पाइएको देखावटीपन, नातावाद, शक्तिको दुरुपयोग, नेताप्रतिको वितृष्णा तथा तिनको स्वार्थपरकताको विद्यमान अवस्थालाई अभिव्यक्त गर्न साहित्यकार बजगाईँले राजनीतिक विषयका लघुकथाहरूको रचना गरेका छन् भन्ने नतिजाहरू निस्केका छन् । यी नतिजाका आधारमा उनी राजनीतिक क्षेत्रमा विद्यमान गलत प्रवृत्ति र व्यवहारमुक्त सदाचारको कामना गर्दछन् भन्ने निष्कर्ष यस लेखमा निकालिएको छ ।

*शब्दकुञ्जी* : सारवस्तु, समकालीन, अन्तर्वस्तु, वस्तुसन्दर्भ, आत्मबोधक

[1] लेखक त्रिभुवन विश्वविद्यालय धनकुटा बहुमुखी क्याम्पस, धनकुटामा नेपाली विषयमा उपप्राध्यापक पदमा कार्यरत हुनुहुन्छ । Orcid ID. : https://orcid.org/0009-0005-1497-2999

## परिचय

कृष्ण बजगाइँ (२०२४) नेपाली साहित्यमा सुपरिचित नाम हो । नेपालको पूर्वी भूभाग धरानमा जन्मेर हाल बेलायतमा बसोबास गरिरहेका बजगाईँले प्रवासमा पनि निरन्तर रूपमा साहित्यसिर्जना गरिरहेका छन् । विभिन्न विधाका साहित्यको रचना गर्ने उनी बहुमुखी प्रतिभा भएका व्यक्तित्व हुन् । २०४१ सालमा धरानबाट प्रकाशित संसार साप्ताहिकमा कविता प्रकाशित गराई साहित्यिक क्षेत्रमा प्रवेश गरेका बजगाईँले यन्त्रवत् (२०६४), रोडम्याप (२०६६), कवच (२०७२), संवैधानिक पत्नी (२०७७), कागजको मन्त्री (२०८०) र नग्नस्वप्न (२०८०) लघुकथासङ्ग्रहहरू प्रकाशित गरिसकेका छन् ।

लघुकथा भनेको सङ्क्षिप्त कथानक भएको आख्यानात्मक रचना हो । भण्डारीले यसलाई आकारमा छोटो र भावमा पूर्ण भएको लघु आयाममा लेखिने आख्यान भनेका छन् (२०८०, पृ. १) । यिनको यस भनाइअनुसार लघुकथा भनेको लघु आयामको इतिवृत्तात्मक रचना हो भन्ने बुझिन्छ । सानो भए पनि यो लामो कथा जत्तिकै पूर्ण र स्वनिष्ठ हुन्छ (शर्मा, २०७८ पृ. ३१७) भन्ने भनाइले पनि यही कुरालाई पुष्टि गर्दछ । यसर्थ यो लामो कथाको केही अंश होइन, सङ्क्षेपमा प्रस्तुत गरिएको पूर्ण कथा हो । आख्यानको लघुत्तम रूप भएकाले यसलाई आख्यानको उपविधा भन्न सकिन्छ (कोइराला, २०७३, पृ. १४) । लघुकथाकारले यस साहित्यिक रचनाबाट आफ्ना विचार वा सन्देशहरू व्यक्त गरेको हुन्छ । साहित्यिक रचनाबाट व्यक्त भएको यही विचार वा सन्देशलाई नै सारवस्तु भनिन्छ । अङ्ग्रेजी भाषामा प्रचलित त्जझभ को पर्यायवाचीका रूपमा यसको प्रयोग हुन्छ । लघुकथाका संरचनामा निहित चार तŒवहरू (कथावस्तु, पात्र, दृष्टिबिन्दु र सारवस्तु) मध्ये यो एउटा तत्त्व हो (श्रेष्ठ, २०७८, पृ. १४) । लघुकथाकारले भन्न चाहेको कुरा नै सारवस्तु भएकाले यसमा लेखकीय उद्देश्य समेटिएको हुन्छ । यो लघुकथामा अभिव्यक्त विचार हो । यसलाई भाव वा विचार, अन्तर्वस्तु, केन्द्रीय कथ्य, वस्तुसन्दर्भ तथा विषयवस्तुका रूपमा बुझ्न सकिन्छ (गौतम, २०७२, पृ. ४५) । लघुकथाका संरचनामा सूक्ष्म रूपमा रही यसले रचनाको प्रयोजनलाई वहन गरेको हुन्छ । यसर्थ रचनाको मूलमर्मका रूपमा यो रचनामा अन्तर्निहित हुन्छ ।

कृष्ण बजगाईँका लघुकथामा राजनीतिक विषयका सारवस्तु प्रस्तुतीकरणको प्रयोजनको अध्ययन यस लेखमा गरिएको छ । यसर्थ यस विषयका सारवस्तुहरूलाई प्रस्तुतिका प्रयोजनहरू के कस्ता छन् भन्ने मुख्य प्राज्ञिक समस्यामा केन्द्रित भई सो प्रयोजन पत्ता लगाउनु यस लेखको उद्देश्य हो । हालसम्म बजगाईँका लघुकथामा अभिव्यक्त भएका राजनीतिक विषयका सारवस्तुको प्रयोजनमा केन्द्रित भई कहीँ कतै अध्ययन भएको नपाइएकाले यो शीर्षक नवीन छ । यसर्थ यस लेखको औचित्य देखिएको

छ । यसका लागि उनको कागजको मन्त्री लघुकथासङ्ग्रहका राजनीतिक विषयका लघुकथामा अभिव्यक्त सारवस्तुको मात्र अध्ययन गरिएकाले यो लेख सीमाबद्ध पनि हुन पुगेको छ ।

## विधि र सामग्री

गुणात्मक ढाँचाको अवलम्बन गरी लेखिएको यस लेखमा प्राथमिक र द्वितीय दुवै स्रोतका सामग्रीहरूको उपयोग गरिएको छ । लघुकथाकार कृष्ण बजगाईँका लघुकथासङ्ग्रहका सान्दर्भिक लघुकथाहरूलाई प्राथमिक स्रोतका सामग्रीका रूपमा प्रयोग गरिएको छ । यसका लागि उद्देश्यपूर्ण नमुना छनोट विधिका आधारमा कागजको मन्त्री लघुकथासङ्ग्रहका राजनीतिक विषयका लघुकथाहरू चयन गरिएका छन् । सारवस्तुको सैद्धान्तिक परिचय प्रस्तुत गरिएका लेख तथा पुस्तकहरू, सारवस्तुको अध्ययन गरी तयार गरिएका अनुसन्धानात्मक कार्यहरू तथा कृष्ण बजगाईँका लघुकथाको अध्ययन गरी तयार गरिएका साधारण र अनुसन्धानात्मक लेख एवम् टिप्पणीहरूलाई द्वितीय स्रोतका सामग्री मानी तिनको प्रयोग गरिएको छ । पुस्तकालय स्रोतबाट यी सामग्रीहरू सङ्कलन गरिएका छन् । लेखलाई सङ्गठित गर्न यहाँ विभिन्न सूचकहरूको उपयोग गरिएको छ । सूचकसम्बद्ध तथ्यहरूलाई प्रस्तुत गरी तिनको विश्लेषण गरिएको हुँदा यहाँ विश्लेषण विधिलाई प्रस्तुतीकरणको विधिका रूपमा उपयोग गरिएको छ ।

## परिणाम र छलफल

कृष्ण बजगाईँका लघुकथामा राजनीतिक विषयका सारवस्तुको प्रयोजनहरूको अध्ययनका लागि निर्माण गरिएका सूचकहरू राजनीतिक बेथिति, राजनीतिक बेइमानीपन, राजनीतिक असचेतता, विरोधीहरूको दमन, नैतिक पतन, देखावटीपन, नातावाद, शक्तिको दुरुपयोग, नेताप्रतिको वितृष्णा, राजनीतिक चरित्रको उद्घाटन र स्वार्थपरकतासँग सम्बद्ध तथ्यहरूलाई निम्नानुसार प्रस्तुत गरी यहाँ तिनको विश्लेषण गरिएको छ ।

### राजनीतिक बेथिति

तथ्य १

दलाल सङ्गठनका पदाधिकारीहरूलाई तिनका राजनीतिक पार्टीहरूले स्वागत र सम्मान गरेको समाचार अर्को दिनको पत्रिकाहरूमा छ्यापछ्यापती छापिएको थियो (बजगाईँ, २०८०, पृ. ३०) ।

देशभित्र भएका जग्गा दलाल, वेश्याको दलाल, राजनीतिक पार्टीको दलाल, मालपोत कार्यालयको दलाल, अदालतको दलाल, विदेशीका दलाल लगायतका दलाल भेला भएर आफूहरूलाई दलाल भनिएकामा हेपिएको महसुस गर्दछन् र प्रतिवादका लागि सङ्गठन

बनाउँछन् । सुकिलामुकिला दलालहरूले पद बाँडेर लिन्छन् भने पद नपाउनेहरूले त्यसको विरोध गर्दछन् । पद पाउने पदाधिकारीहरू कार्यक्रम स्थलबाट लुसुक्क हिँड्छन् । यस प्रसङ्गमा अभिव्यक्त उक्त लघुकथांशमा यस्ता दलाल सङ्गठनका पदाधिकारीलाई राजनीतिक पार्टीमा स्वागत र सम्मान गरिएको आशय प्रस्तुत भएको छ । सुकिलामुकिला (बढी पैसा कमाउन सकेका) दलालहरूले दलाल सङ्गठनका पद बाँडेर लिनु र तिनैलाई राजनीतिक दलले स्वागत र सम्मान गर्नु निष्ठाको राजनीतिभन्दा बाहिरको कुरा हो । निहित स्वार्थका लागि राजनीतिक पार्टीले गरेको यस्तो व्यवहार राजनीतिक बेथितियुक्त छ । यसबाट यहाँ राजनीतिक पार्टीका कार्य बेथितियुक्त छ भन्ने सारवस्तु अभिव्यक्त भएको छ भने राजनीतिक पार्टीभित्र हुने गरेका बेथितियुक्त कार्यलाई प्रस्तुत गर्न उक्त सारवस्तुयुक्त लघुकथाको रचना भएको पाइन्छ ।

तथ्य २

'दश करोड तिरेर मन्त्री भएको व्यक्तिले पदबाट राजीनामा दिनु आत्महत्या गर्नु सरह हो भन्ने आशयको कुरा मात्र लेखेको हुँ । ...मैले पनि पीए बन्न मन्त्रीलाई एक लाख तिरेको थिएँ (बजगाईँ, २०८०, पृ. ९२) ।'

यस लघुकथामा मन्त्री बन्नका लागि र मन्त्रीको पिए बन्नका लागि सम्बद्ध निकाय वा व्यक्तिलाई ठुलो धनराशि बुझाउनु परेको आशय प्रस्तुत भएको छ । योग्यता वा क्षमताका आधारमा मन्त्री र तिनको पिए हुनुपर्नेमा धेरै पैसा बुझाएर त्यस्ता अवसर प्राप्त गर्नुपर्ने प्रसङ्ग राजनीतिसँग सम्बद्ध छ । यस्तो अवस्थालाई राजनीतिक बेथिति भन्न सकिन्छ । राजनीतिक क्षेत्रमा देखिएको यो एउटा विकृति पनि हो । यस प्रसङ्गबाट राजनीतिक पद र प्रतिष्ठा प्राप्त गर्न ठुलो धनराशि खर्च गर्नुपर्ने अवस्था बनेको छ भन्ने सारवस्तु यहाँ अभिव्यक्त भएको छ र त्यस्तो बेथितिप्रति व्यङ्ग्य पनि गरिएको छ । यसबाट पैसा बुझाएर मात्र राजनीतिक पद र प्रतिष्ठा प्राप्त गर्न सकिने विद्यमान राजनीतिक बेथितिलाई उजागर गर्ने प्रयोजनका लागि उक्त सारवस्तुयुक्त लघुकथाको निर्माण गरिएको स्पष्ट हुन्छ ।

तथ्य ३

'...गाली गर्न नपाए राजनीतिक पार्टी दुब्लाउने रहेछन् । गाली सुन्न र पढ्न नपाए जनताहरू कमजोर र लुला हुने रहेछन् । गालीको उत्पादन र मागको सन्तुलन मिलाउन सरकारलाई गाह्रो हुने देखिन्छ । यही अवस्था कायम रहिरहेमा अलिपछि त्यहाँ गालीको सङ्कट हुने सम्भावना छ । सबैको भलाइका लागि गाली गर्ने एनजिओलाई तुरुन्त पैसा निकाशा गर्नु पर्दछ (बजगाईँ, २०८०, पृ. ११०) ।'

गालीपुर राज्यमा कविले कवितामा, समाचार र विचार विश्लेषकले पत्रिकाहरूमा,

सांसदहरूले संसदमा, नेताहरूले मञ्चमा गरेको गालीले श्रोता, पाठक तथा दर्शकलाई हर्षित तुल्याएको विषयमा गालीशास्त्रमा पिएचडी गरी आइएनजिओमा कार्यरत विदेशीको शोधपत्रको निष्कर्ष व्यक्त गर्ने सन्दर्भमा अभिव्यक्त यस लघुकथांशमा उक्त राज्यका लागि गालीको महŒव र उपयोगिता प्रस्तुत गरिएको छ। यस प्रसङ्गमा यहाँ 'गाली गर्न नपाए राजनीतिक पार्टी दुब्लाउने रहेछन्' भनिएको छ। यस भनाइबाट राजनीतिक पार्टीको संस्कृतिमा बेथिति निहित रहेको स्पष्ट भएको छ। राजनीतिक नेताहरूकै संलग्नताबाट गठित सरकारलाई गालीको उत्पादन र माग मिलाउन गाह्रो परेको कथनबाट सरकारसमेत यस कार्यमा संलग्न भएको देखिन्छ। जनताहरू राजनीतिकै अङ्ग भएकाले गाली सुन्न र पढ्न नपाए जनताहरू लुला हुने भनाइबाट राजनीति बेथितियुक्त बनेको प्रमाणित हुन्छ। यसर्थ यहाँ राजनीतिक विषयको समेत चर्चा भएको छ। यसबाट यहाँ गाली गर्ने र सुन्ने संस्कृतिप्रति व्यङ्ग्य गर्दै त्यस्तो संस्कृति उपयुक्त नभएको सारवस्तु अभिव्यक्त भएको छ। यस्तो संस्कृति नेपालीहरूमा पाइने भएकाले अरूको निन्दा र आलोचना गर्ने बेथितियुक्त नेपाली संस्कृतिलाई उजागर गर्न यो सारवस्तुयुक्त लघुकथाको रचना भएको पाइन्छ।

तथ्य ४

'निन्दा पढ्ने, सुन्ने, हेर्ने, निन्दा गर्ने र निन्दा सहने सबैजना निन्दनीय हुन्। निन्दनीय व्यक्तिहरू त्यस राज्यमा कसरी मिलेर बस्न सकेका होलान् (बजगाईँ, २०८०, पृ. ६०) ?'

निन्दापुर राज्यमा भएका निन्दाजन्य गतिविधि उल्लेख गरिएको यस लघुकथामा राजनीतिक पार्टीका नाममा निन्दक सङ्घ बनाएको समेत चर्चा गरिएको छ। राजनीतिक बहसका नाममा निन्दा मात्र बजिरहेको र सरकारले विरोधीलाई निन्दा गर्न र तह लगाउन साइबर सेना गठन गरेको (बजगाईँ, २०८०, पृ. ६०) प्रसङ्गसमेत यहाँ अभिव्यक्त भएको छ। लघुकथामा वर्णित यी प्रसङ्गहरूले यस लघुकथामा राज्यको सिङ्गो व्यवस्थामा नै निन्दा व्याप्त रहेको सारवस्तु अभिव्यञ्जित छ। यो राजनीतिक प्रकृतिको सारवस्तु हो। यसले नेपालको समाज र राज्य सञ्चालनको व्यवस्थालाई सङ्केत गरेको छ। यसबाट यहाँ अरूको निन्दा र अनावश्यक चर्चा गर्ने नेपालीहरूप्रति कटाक्ष हुन पुगेको छ भने यस्तो व्यङ्ग्यात्मक प्रस्तुतिबाट बेथितियुक्त व्यवस्थालाई उजागर गर्नु यस सारवस्तुयुक्त लघुकथा लेखनको कारण बन्न पुगेको छ।

**राजनीतिक बेइमानीपन**

**तथ्य १**

'अब मेरो घरबाट निस्कन्छस् कि गार्ड लगाएर निकालौँ।' अचानक त्यस चित्रले धम्की दियो

। आफैँले कागजमा बनाएको मन्त्रीले दिएको धम्कीले उनी एकदम डराए। हत्त न पत्त त्यस चित्रको मुखमा कालो पोतिदिए। त्यसपछि उनलाई निस्सासिए जस्तो भयो (बजगाईँ, २०८०, पृ. १०)।

सपनामा कागजमा बनाइएको मानिसले आपूmलाई मन्त्रीको भूमिकामा प्रस्तुत गर्न आग्रह गरेपछि चित्रकारले उसलाई मन्त्री जस्तो बनाइदिन्छ। त्यसपछि जसले उसलाई मन्त्री बनाइदिन्छ उसैलाई घरबाट निस्केर जान आग्रह गर्दछ। त्यसपछि उसले चित्रको अनुहारमा रङ दलेर कालो बनाइदिन्छ। बिउझिँदा विपनामा सफथ लिइरहेको मन्त्रीको अनुहार सपनामा रङ लगाएर अनुहार कालो बनाइएको चित्रको अनुहारसँग दुरुस्त मिल्दछ। यस लघुकथाको कथानकको सार यही हो। यस कथानकमा चित्रण गरिएका मन्त्री राजनीतिक व्यक्तित्व हुन्। सफा अनुहार हुन नसकेको व्यक्तिका रूपमा उनलाई प्रस्तुत गरिएकाले र सपनामा बनाइएको मन्त्रीसँग उनको अनुहार मिलेकाले विपनाका मन्त्रीको भावना असल छैन भन्ने देखिन्छ। अझ सपनाको मन्त्रीले बनाउने व्यक्तिलाई नै घरबाट निकाल्न प्रयत्न गर्नुले विपनाको मन्त्रीको चाला पनि सोही प्रकृतिको हुने कुरालाई सङ्केत गरेको छ। यो राजनीतिक बेइमानीको विषय हो। यसबाट राजनीतिक व्यक्ति स्वार्थी र बेइमानी छन् भन्ने सारवस्तु यहाँ अभिव्यक्त भएको छ भने राजनीतिक व्यक्तिका यस्ता बेइमानीपूर्ण कार्यलाई उजागर गर्नु यस सारवस्तु अभिव्यक्तिको प्रयोजन बनेको छ।

**तथ्य २**

अचम्म कुनै पनि जातिमा सूचीकृत नगरिएको एउटा अल्पसङ्ख्यक जाति त्यस राज्यमा थियो। त्यस जातिको आर्थिक अवस्था अरू जातिका तुलनामा दिन दुगुना रात चौगुनाको दरले बढिरहन्थ्यो। राजनीति, सत्ता, प्रशासन, व्यापार, उद्योग हरेक ठाउँमा तिनकै हालीमुहाली थियो। ती अल्पसङ्ख्यक जातिले अन्य जातिलाई कज्याएका थिए (बजगाईँ, २०८०, पृ. ३८)।

नेपाली राजनीतिक प्रणालीले निर्धारण गरेको आरक्षित जातीय व्यवस्थाको मर्म र भावनाअनुसारको व्यवहार नभई आरक्षणका नाममा सम्बद्ध जातिका टाठाबाठाहरूले जागिर र राजनीतिक अवसर प्राप्त गरी मन्त्रीसमेत बनेको सन्दर्भ उल्लेख गर्दै माथिको लघुकथांश प्रस्तुत भएको छ। यस अंशमा आरक्षणको सूचीकरणमा नपरेको अल्पसङ्ख्यक जातिको अवस्थाको वर्णन गरिएको छ। यहाँ त्यस अल्पसङ्ख्यक जातिको आर्थिक अवस्था दिनानुदिन बढिरहेको र राज्यका विभिन्न निकायमा तिनकै हालीमुहाली रहेको आशय अभिव्यक्त भएको छ। 'ती अल्पसङ्ख्यक जातिले अन्य जातिलाई कज्याएका थिए' भनेर यिनले बहुसङ्ख्यक जातिलाई कज्याएर राजनीतिक बेइमानी गरेको आशयसमेत यहाँ प्रस्तुत भएको छ। यसबाट नेपालमा जातीय आरक्षणको वास्तविक मर्म र भावनाअनुसारको कार्य

भइनरहेको सारवस्तु यहाँ अभिव्यञ्जित भएको छ। यस्तो राजनीतिक बेइमानीपूर्ण अवस्थाप्रति कटाक्ष प्रस्तुत गर्न यस प्रकारको सारवस्तु यहाँ अभिव्यक्त भएको छ।

**तथ्य ३**

ती विजयी उम्मेदवारले धार्मिक र आध्यामिक कुरा मिसाएर जीवन, मरण र जगत्का बारेमा भाषण गर्न थाले। अन्त्यमा उनले भने, 'मानिसको शरीरबाट आत्मा अन्यत्र गइसकेपछि त्यो मानिस नभएर लास मात्र हुन्छ (बजगाईँ, २०८०, पृ. ३६)।

राजनीतिक पार्टीका उम्मेदवारले मतदानका लागि मतदातासँग आत्मा मागेको र मतदाताले पनि आत्मा दिने वचन दिएकाले मतदान पनि उसैलाई गर्दछन्। मतदाताको मत पाएर ऊ विजयी हुन्छ। विजयी भएपछि उसलाई विद्यालयमा लगाइएको सप्ताह महापुराणको अतिथि बनाइन्छ र उसले मन्तव्यसमेत राख्दछ। त्यस समयमा उसले 'मानिसको शरीरबाट आत्मा अन्यत्र गइसकेपछि त्यो मानिस नभएर लास मात्र हुन्छ भनेर मन्तव्य दिन्छ। यस मन्तव्यमा मतदाताको आत्मा (मत) शरीरबाट (उनीहरूको पहुँचबाट) अन्यत्र (मतपेटिकामार्फत उम्मेदवारलाई) गइसकेकाले मानिस (मतदाता) लास मात्र (अधिकारविहीन) हुन्छ भन्ने आशय अभिव्यक्त भएको छ। यस कथनबाट मतदाताहरू मतदान गरिसकेपछि अधिकारविहीन हुन्छन् भने मत पाएर विजयी भएका उम्मेदवारहरू अधिकारसम्पन्न हुन्छन् भन्ने सारवस्तु अभिव्यक्त भएको छ। यो राजनीतिक विषयसम्बद्ध सारवस्तु हो। मत पाएपछि मतदातालाई अधिकारविहीन ठान्ने निर्वाचित व्यक्तिको सोचाइ र भनाइ राजनीतिक बेइमानीको विषय हो। राजनीतिक नेताको यस प्रकारको बेइमानीपूर्ण व्यवहारलाई प्रस्तुत गर्नु उक्त सारवस्तुयुक्त अभिव्यक्तिको प्रयोजन हो।

**तथ्य ४**

शोकतन्त्रमा पिएचडी गर्दै गरेका एक जना विदेशी विद्यार्थीले आफ्नो शोधको पुछारमा लेखे, 'जनतालाई शोकमा पारेपछि नेताहरूलाई राज्यको ढुकुटी लुट्न सजिलो हुँदोरहेछ (बजगाईँ, २०८०, पृ. १०४)।'

शोकपुर राज्यको कल्पना गरी स्वैरकल्पनात्मक शैलीमा प्रस्तुत गरिएको यस लघुकथामा शोकपुर राज्यका जनताले अनेक प्रयत्न गरी प्रजातन्त्र, लोकतन्त्र र गणतन्त्रको स्थापना गरे पनि उनीहरूको शोकावस्था नहटेको मार्मिक आशय यहाँ अभिव्यक्त भएको छ। संसद मुर्दाघर जस्तो र सांसदहरू मलामी जस्ता देखिने सो राज्यमा राज्यकोष लुट्ने बेलामा सबै एकमत हुने (बजगाईँ २०८०, पृ. १०४) भएकाले राजनीतिक नेताले जनतालाई शोकमा पारेको विषयलाई यहाँ उल्लेख गरिएको छ। यस प्रसङ्गमा अभिव्यक्त भएको उक्त लघुकथांशमा 'जनतालाई शोकमा पारेपछि नेताहरूलाई राज्यको ढुकुटी लुट्न सजिलो हुँदोरहेछ भनेर शोधकर्ताले निकालेको निष्कर्ष प्रस्तुत गरिएको छ। यसबाट जनतालाई शोकमा पार्ने व्यक्ति र राज्यकोष लुट्ने व्यक्ति राजनीतिक व्यक्ति भएको स्पष्ट हुन्छ। यो

राजनीतिक बेइमानीपूर्ण कार्य हो । यसर्थ यहाँ राजनीतिक व्यक्तिहरूले जनतालाई कमजोर बनाई आफ्नो स्वार्थ सिद्ध गरेका छन् भन्ने सारवस्तु अभिव्यञ्जित भएको छ । राजनीतिक नेताको यस्तो बेइमानीपूर्ण कार्यको पर्दाफास गर्नु यस सारवस्तुको अभिव्यक्तिको कारण बनेको छ ।

**राजनीतिक असचेतता**

**तथ्य १**

'पुतलाहरू चुनावमा भोट जितेर सरकारमा पुग्दथे । पुतलालाई भोट हाल्नेहरू चाहिँ आपूmलाई जनता ठान्दथे । ठानेर के गर्नु ? सरकारमा पुगेका पुतलाहरूले जे भन्यो लुरुलुरु मान्दथे । आखिरमा उनीहरू पनि त अघोषित पुतला नै थिए (बजगाईँ, २०८०, पृ. ४०) ।'

पुतलापुर राज्यमा निर्वाचित व्यक्तिहरू सरकारमा पुगे पनि जनहितमा काम नगरी प्रचारवाजी कार्यमा मात्र संलग्न भएको व्यङ्ग्यात्मक अभिव्यक्तिका सन्दर्भमा यस लघुकथांशको प्रस्तुतीकरण भएको छ । यस्ता पुतलाहरूलाई मत दिनेहरूलाई यहाँ 'अघोषित पुतला' भनिएको छ । आफूलाई जनता ठाने पनि पुतलाले भनेको खुरुखुरु मान्नु र जनहितमा कार्य नगर्नेलाई मतदान गर्ने यी अघोषित पुतलाहरू राजनीतिक रूपमा असचेत नागरिक हुन् । यिनकै कारण पुतलाहरू चुनावमा भोट जितेर सरकारमा पुग्न सफल भएका छन् । यसरी बजगाईँका लघुकथामा समकालीन समाज र राजनीतिको कुरूप र विद्रूप यथार्थलाई छर्लङ्ग गरी उतारिएको छ (लामिछाने, सन् २०२३) । यसबाट जनताको असचेतताका कारण गलत व्यक्ति मतदानमा विजयी भएका छन् भन्ने सारवस्तु यस लघुकथामा प्रस्तुत भएको छ । नालायक व्यक्ति निर्वाचित भएकोमा मात्र नभएर त्यस्ता व्यक्तिलाई जिताउने मतदाताको व्यवहारलाई कटाक्ष गर्न यो सारवस्तुको अभिव्यक्ति भएको पाइएको छ ।

**तथ्य २**

त्यसपछि उनीहरूबिच अलिखित सम्झौता भयो । सम्झौताअनुसार सनातनी पार्टीहरूले गरिब जोगाउने र गरिब मतदाताहरूले चाहिँ तिनै पार्टीलाई चुनावमा जिताएर पठाउने । राजनीतिक पार्टीका नेता र गरिब जनताको अलिखित सम्झौताअनुसार त्यस राज्यमा सधैँ गरिबी कायम रहने छ (बजगाईँ, २०८०, पृ. ४२) ।'

गरिबपुर राज्यमा गरिबका नाममा राजनीति भई नेताले चुनाव जितेका हुन्छन् । गरिबी उन्मूलन गर्न चाहने गरी स्थापित नयाँ पार्टीको गरिबी उन्मूलन गर्ने नाराबाट भयभीत सनातनी गरिबहरू र राजनीतिक पार्टीहरूबिच उल्लिखित सम्झौता हुन्छ । 'सम्झौताअनुसार सनातनी पार्टीले गरिब जोगाउने र गरिब मतदाताले चाहिँ तिनै पार्टीलाई चुनाव जिताएर पठाउने जुन कुरा यहाँ अभिव्यक्त भएको छ त्यसले जनताको असचेततालाई द्योतन गरेको छ । यसबाट जनताको असचेतताका कारण राज्यमा गरिबी कायम रहेको छ भन्ने सारवस्तु यहाँ व्यक्त भएको छ । अतः जनताको गरिबी उन्मूलन नहुनुको मुख्य कारण अरू

कोही नभएर उनीहरूको राजनीतिक असचेतता नै हो भन्ने कुरालाई प्रस्तुत गर्नु यस सारवस्तु अभिव्यक्तिको कारण बनेको छ।

**तथ्य ३**

समस्यापुर राज्यमा समस्या रहेमा मात्र शासन व्यवस्था सुचारुरूपले सञ्चालन हुन सक्छ। नत्र समस्यापुर नै राज्य सङ्कटमा पर्ने छ। राज्यलाई सङ्कटमा पार्ने काम कुनै पनि राजनीतिक पार्टी र सच्चा देशभक्त नागरिककले गर्दैनन्। उक्त समाचार सञ्चार माध्यमहरूमा आएपछि त्यस राज्यका जनताहरू फेरि समस्यामा रमाउन थाले (बजगाईँ, २०८०, पृ. ५२)।

समस्यापुर नामको स्वैरकाल्पनिक राज्यमा सञ्चालनमा रहेको समस्यातन्त्र नामक शासन व्यवस्था भएकाले राजनीतिक पार्टीहरू समस्या देखाएर चुनाव लड्दछन् र सत्तामा पुगेपछि भने समस्या समाधान गर्दैनन्। जनताको विरोध आउँदा पनि समस्या देखाएर राजनीतिक पार्टीहहरू उम्कन चाहन्छन्। यस सन्दर्भमा प्रस्तुत यस गद्यांशमा समस्या रहे मात्र शासन व्यवस्था सुचारु रहने र समस्या नभए राज्य नै सङ्कटमा पर्ने आशय अभिव्यक्त भएको छ। यसबाट शासन सत्तामा पुगेका व्यक्तिहरू समस्या समाधान गर्नुभन्दा राज्यलाई सङ्कटमा पार्नु हुँदैन भन्दै जनताको संवेदनशीलताको अपहरण गर्दछन्। सोझा जनता भने नेताको चलाखी नबुझी समस्यामा रमाउन पुग्छन्। यस प्रसङ्गबाट सोझा जनताहरूमा राजनीतिक सचेतताको अवस्था कमजोर रहेको पुष्टि हुन्छ। उनीहरूको यही असचेतताको अवस्थामाथि टेकेर नेताहरूले खेलेका छन् भन्ने यस लघुकथाको सारवस्तु हो। जनताको राजनीतिक असचेतताको अवस्थाको परिणामलाई उजागर गर्न यस सारवस्तुको अभिव्यक्ति भएको छ।

**तथ्य ४**

आइएनजिओले विदेशी विशेषज्ञ ल्याएर अनुसन्धान गरायो। लामो अध्ययन र अनुसन्धान पश्चात त्यसको कारण पत्ता लगाउन सफल भए। त्यसको मुख्य कारण तिनका आँखा र मस्तिष्कमा प्रजातन्त्र, लोकतन्त्र र गणतन्त्रले सङ्क्रमण गरेको रहेछ (बजगाईँ, २०८०, पृ. ५८)।

भक्तिपुर राज्यको परिकल्पना गरी स्वैरकाल्पनिक रूपमा प्रस्तुत गरिएको यस लघुकथामा नेतादेखि जनतासम्म भक्ति गाउन अभ्यस्त हुन्छन्। सित्तैमा विभिन्न पार्टीको भक्तिगान गाउने जनताको अवस्था (बजगाईँ, २०८०, पृ. ५८) का कारण उनीहरूमा राजनीतिक सचेतता कमजोर रहेको बुझिन्छ। राज्यमा अन्याय, अत्याचार, चोरी, तस्करी, भ्रष्टाचार मौलाएको भए पनि सबै चुपचाप रहनु (बजगाईँ, २०८०, पृ. ५८) ले पनि जनताको असचेत अवस्थालाई सङ्केत गर्दछ। यस अवस्थाको अनुसन्धानमा त्यस्तो अवस्थाको विरोध गर्न नसक्नुको कारण तिनका आँखा र मस्तिष्कमा प्रजातन्त्र, लोकतन्त्र र

गणतन्त्रले सङ्क्रमण गरेको निष्कर्ष निस्कनुले पनि शासन व्यवस्थाका लागि विरोध हुन नसकेको स्पष्ट हुन्छ । यो राजनीतिक असचेतताको परिणाम हो । यसरी नेता र व्यवस्थाको भक्ति गाएर जनताले आफ्नो विवेक गुमाएका छन् भन्ने सारवस्तु यहाँ अभिव्यञ्जित भएको छ । जनताको यस प्रकारको असचेतताको अवस्था र परिणामलाई प्रकाशमा ल्याउनु यस सारवस्तुको अभिव्यक्तिको प्रयोजन रहेको छ ।

**विरोधीहरूको दमन**

**तथ्य १**

'राजनीतिक पार्टीका प्रतिनिधि र जनताका प्रतिनिधि भन्दै असम्बन्धित व्यक्तिहरू जनअदालतमा प्रतिनिधि हुनु हुने । तर उनको प्रतिनिधि भएर मैले किन बोल्न नपाउने ? म उनको नयाँ लोग्ने हुँ ।' उसले निडर भएर भन्यो । उसले त्यति भन्नासाथ ड्याम्म बन्दुक पड्कियो (बजगाईं, २०८०, पृ. ४६) ।

दुर्गम गाउँमा स्थापित जनअदालतले गाउँमा भएका विभिन्न झैझगडाको फैसला दिने कार्यबाट न्याय नपाउने पक्षले अन्याय भएको महसुस गरे पनि डर र त्रासका कारण चुपचाप सहेर बस्नुपरेको मार्मिक प्रसङ्गलाई यस लघुकथामा प्रस्तुत गरिएको छ । यहाँ लोग्ने र स्वास्नीको झगडा छिन्न बसेको जनअदालतका कथित न्यायाधीशसमक्ष लोग्नेले 'असम्बन्धित व्यक्तिहरू जनअदालतमा प्रतिनिधि हुन हुने तर उनको प्रतिनिधि भएर मैले किन बोल्न नपाउने ?' भनी गरेको प्रतिवादका कारण मृत्यु वरण गर्नुपरेको सन्दर्भ उल्लेख भएको छ । जनअदालत र त्यसले सम्पादन गर्ने न्यायको जुन चर्चा छ त्यसले सशस्त्र जनयुद्धताका स्थापित माओवादीको न्यायिक निकायलाई सङ्केत गरेको छ । यसर्थ यो प्रसङ्ग राजनीतिक विषयसँग सम्बद्ध छ । यसबाट राजनीतिक दलले उनीहरूको समर्थन नगर्ने वा आलोचना गर्ने व्यक्तिहरूप्रति दमनको व्यवहार गर्दथे भन्ने देखिन्छ । 'यो गाउँको जनअदालत हो । यहाँ हाम्रो नियम चल्छ (बजगाईं, २०८०, पृ. ४६) ।' भनेर गरिएको कठोर व्यवहार पनि दमनकै उदाहरण हो । यसरी राजनीतिक पार्टीहरू उनीहरूका विरोधी वा आलोचकलाई दमन गर्दथे वा गर्दछन् भन्ने सारवस्तु यहाँ प्रस्तुत भएको छ । यस्ता राजनीतिक पार्टीको दमनपूर्ण व्यवहारप्रति व्यङ्ग्य गर्दै असहमति जनाउन उक्त सारवस्तु निहित भएको लघुकथालाई प्रस्तुत गरिएको छ ।

**नैतिक पतन**

**तथ्य १**

आज तपाईँले पनि जनताको सेवा गर्नका लागि राजनीति गरेको भन्नुभयो । यस संसारमा सबैले पैसा कमाउँदै सेवा गर्दा रहेछन् । मैले पनि सेवा नै गरिरहेको छु । सेवा शुल्क अलिक मिलाएर दिनुहोला । त्यति भन्नासाथ रूपवती जुरुक्क उठेर लुगा लगाउन थाली (बजगाईँ, २०८०, पृ. ४९–५०) ।

जनताको सेवाका लागि राजनीति गरेको भन्ने नेताको चरित्रको वर्णन यस लघुकथांशमा भएको छ । सेवाका नाममा पैसा कमाउने प्रवृत्ति रहेको नेपाली राजनीतिलाई कटाक्ष गर्दै यहाँ 'यस संसारमा सबैले पैसा कमाउँदै सेवा गर्दा रहेछन् भनिएको छ । यस कथनबाट नेताले सेवाका लागि नभएर पैसाका लागि राजनीति गरिरहेको स्पष्ट हुन्छ । अझ 'मैले पनि सेवा नै गरिरहेको छु । सेवा शुल्क अलिक मिलाएर दिनुहोला । त्यति भन्नासाथ रूपवती जुरुक्क उठेर लुगा लगाउन थाली भनेर यस्ता नेता युवतीसँग यौनकार्यमा संलग्न भएको कुरालाई उल्लेख गरिएको छ । यसबाट राजनीतिक नेताको चरित्र कमजोर भएको देखिन्छ । यसरी सेवा गर्ने नाममा नेताबाट धन कमाउने र सेवा दिएर पैसा लिने वेश्यासँग यौनसम्बन्ध राख्ने कार्य भइरहेको छ भन्ने सारवस्तु यहाँ अभिव्यक्त भएको छ । यो नैतिक पतन भएका राजनीतिक व्यक्तिसँग सम्बद्ध सारवस्तु हो । यस सारवस्तुबाट वर्तमान समयमा नैतिक पतन भएका नेताको चरित्रलाई व्यङ्ग्यात्मक रूपमा पर्दाफास गरिएको छ । यो नै यस सारवस्तुको अभिव्यक्तिको प्रयोजन हो ।

**देखावटीपन**

**तथ्य १**

उक्त निर्णयपश्चात मन्त्री, सचिव र कार्यालय प्रमुखहरूको मनमा हरियाली छायो (बजगाईँ, २०८०, पृ. ६२) ।

वनका कर्मचारीहरू बजेटमा छुट्याएको अरबौ रुपियाँ आर्थिक वर्षभित्र कार्य सम्पन्न नभए फ्रिज हुने स्थितिले चिन्तित हुन्छन् । कागजी रूपमा हेर्दा वृक्षारोपण गर्ने स्थान बाँकी नरहेको भए पनि रोपेका विरुवा कमै मात्र हुर्केका अवस्थामा कर्मचारीहरूका समस्या वनमन्त्रीसमक्ष सुनाइन्छ र साइबर सल्लाहकारहरूबाट वृक्षारोपण सप्ताह मनाउने निर्णय गरेर समस्याको समाधान निकालिन्छ । हरियालीपन देखाउने गरी गरिएका विभिन्न निर्णयहरूका कारण मन्त्री, सचिव, र कार्यालय प्रमुख सबैलाई सुखद अनुभूति प्राप्त हुन्छ । जनता तथा अन्य व्यक्तिलाई देखाउन वृक्षारोपण गर्ने र अरूलाई भ्रम छर्ने खालका निर्णयहरू गरेर खुसी हुने मन्त्रीलगायतका व्यक्तिको कर्म देखावटीपनको उदाहरण हो । यहाँ मन्त्री र उनका साइबर सल्लाहकारहसमेत देखावटीपनका कार्यमा संलग्न भएकाले कुनै न कुनै रूपमा राजनीतिकर्मीको उपस्थिति रहेको पाइन्छ । यसर्थ यो राजनीतिक विषयसँग जोडिन पुगेको सन्दर्भ हो ।

यसबाट नेपाली कर्मचारीतन्त्रका साथै राजनीतिक क्षेत्रका व्यक्तिहरूले देखावटीपनका कार्यहरू गरेका छन् भन्ने सारवस्तु यहाँ प्रस्तुत भएको छ। देखावटीपनले युक्त कार्य गर्ने यस्ता व्यक्तिप्रति व्यङ्ग्य गर्न यो सारवस्तु आधार बनेको पाइएको छ।

**नातावाद**

**तथ्य १**

कुर्सीमा गजधम्म बसेर त्यसरी कड्किने निजी सचिव अरू कोही नभएर मन्त्रीको सालो थियो (बजगाईं, २०८०, पृ. ८०)।

एनआरएन समाजसेवी दानबहादुरले मन्त्रीज्यूलाई अनेकपटक उपहार दिएका हुन्छन् र उनलाई भेट्न चाहन्छन् तर मन्त्रीज्यूका निजी सचिवले उनलाई भेट गर्न दिँदैनन्। भेट गर्न नदिने मन्त्रीज्यूको निजी सचिव भनेको उनको सालो हुन्छ। यहाँ वर्णन गरिएका मन्त्रीज्यू राजनीतिक व्यक्तित्व हुन्। उनलाई मन्त्रालयका कामकारबाहीमा सहयोग गर्न योग्यतम व्यक्ति चयन गरी राख्नुपर्नेमा उनकै सालोलाई राखेका छन्। तर समाजसेवी दानबहादुरलाई समेत मन्त्रीसँग भेट गर्न नदिएका कारण उनी विवेकी व्यक्ति होइनन् भन्ने कुरा स्पष्ट हुन्छ। यस्ता अयोग्य तर नातेदार व्यक्तिलाई राज्यबाट पाउने सुविधा उपलब्ध गराएको मन्त्रीज्यूमा नातावादी प्रवृत्ति हावी भएको देखिन्छ। यसबाट नातावादी प्रवृत्ति नेपाली राजनीतिमा व्याप्त छ भन्ने कुरा यस लघुकथाको सारवस्तुमा अभिव्यञ्जित भएको छ। जनसेवाका नाममा राजनीति गरेर राज्यबाट पाउने सुविधा आफ्ना परिवारलाई उपलब्ध गराउने मन्त्रीजस्ता व्यक्तिको नातावादी प्रवृत्तिलाई उजागर गर्नु प्रस्तुत सारवस्तु अभिव्यक्तिको मुख्य कारण हो।

**शक्तिको दुरुपयोग**

**तथ्य १**

एक गुण्डा नाइके जो सांसदबाट भर्खर मन्त्री बनेका थिए उनको फोन आयो। सोही कारणले प्रहरीले तिनीहरूलाई यातना दिन रोके। ती अभियुक्तहरूलाई छुटाउन बाध्य भए (बजगाईं, २०८०, पृ. १०९)।

विभिन्न आरोपमा पक्राउ परेका अभियुक्तहरूलाई प्रहरी चौकीमा ल्याएर प्रहरीले केरकार गरी तिनीहरू नेता, गुण्डा र सांसदका सन्तान नभएको जानकारी पाएपछि तिनीहरूलाई निर्धात कुटपिट गरिन्छ। तर जब गुण्डा नाइकेबाट मन्त्री बनेका व्यक्तिको फोन आउँछ तब प्रहरीले उनीहरूलाई झुट नबोल्नु भनी छोडिदिन्छ। यहाँ एकातर्फ प्रहरीले सर्वसाधारणका सन्तान हुन् भन्ने बुझेपछि अभियुक्तहरूलाई कानुनी कारबाही नगरी निर्धात कुटपिट गर्नु शक्तिको दुरुपयोग हो भने अर्कातर्फ कानुनी

कारबाही गर्न प्रेरित नगरी मन्त्रीले फोन गरेर अभियुक्तलाई छुटाउनु पनि शक्तिकै दुरुपयोग हो। नेपालमा चोर, फटाहा, डाका र ज्यानमारालाई प्रहरी चौकीबाट छुटाउने नेताहरू राजनीतिकर्मी हुन् (दाहाल, सन् २०२४) भने सांसदबाट मन्त्री बनेका व्यक्ति राजनीतिसँग नै सम्बद्ध छन्। त्यस्तै भन्ने भनाइबाट पनि यो राजनीति विषयको लघुकथा हो भन्ने कुरा स्पष्ट छ। उनी कानुनबमोजिम शासन गर्ने निकायका नेतृत्वकर्ता पनि हुन् तर उनैले कानुनी कारबाही गर्नु गराउनु पर्नेमा अभियुक्तहरूलाई छोडिदिन प्रहरीलाई फोन गरी दबाब दिएका छन्। यसर्थ यहाँ राजनीतिक व्यक्तिबाट पनि शक्तिको दुरुपयोग गरिएको आशय अभिव्यक्त भएको छ। यसबाट राजनीतिक व्यक्तिले शक्तिको दुरुपयोग गरी कानुनी राज्यको खिल्ली उडाएका छन् भन्ने सारवस्तु अभिव्यक्त भएको छ। शक्तिको दुरुपयोग गर्ने यस्ता राजनीतिक व्यक्तिको व्यवहारलाई व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गर्नु यस सारवस्तु अभिव्यक्तिको प्रयोजन बनेको छ।

**नेताहरूप्रतिको वितृष्णा**

**तथ्य १**

एक साँझ ती तर्कबाजहरू लुकेर झ्यालबाट उसको कोठाभित्र चिहाए। कोठाभित्र अद्भुत दृश्य देखियो। त्यस व्यक्तिले भित्तामा टाँगिएका नेताका फोटामा जुत्ता उज्याएर थुः थुः गरिरहेको थियो (बजगाईँ, २०८०, पृ. १८)।

वैदेशिक रोजगारीमा अरब पुगेको एउटा व्यक्ति कोठाभरि आफ्ना देशका मुख्य पार्टीका नेताका फोटाहरू टाँसेर राखेको हुन्छ। ती फोटाहरू हेरेर के गर्दथ्यो भन्ने कुरा कसैलाई थाहा हुँदैन। एक साँझ उसका कोठामा चिहाएर हेर्दा देखिएको दृश्यको वर्णन नै उक्त लघुकथांशमा भएको छ। यहाँ 'त्यस व्यक्तिले भित्तामा टाँगिएका नेताका फोटामा जुत्ता उज्याएर थुः थुः गरिरहेको थियो' भनेर नेपाली नेताहरूप्रति उसको दृष्टिकोणलाई प्रस्तुत गरिएको छ। यहाँ नेता चरित्रप्रति आम मानिसको घृणाभाव र व्यवहारलाई प्रस्तुत गरिएको छ (केसी, सन् २०२३)। सरकारमा पुगेर पनि नेपाली युवाहरूले स्वदेशमा काम गर्ने अवसर सिर्जना नगर्ने र उनीहरूलाई वैदेशिक रोजगारीमा जान बाध्य बनाउने नेपाली राजनीतिक नेताप्रति युवाको आक्रोश छ भन्ने सारवस्तु यस लघुकथांशबाट अभिव्यक्त भएको छ। नेताहरूप्रति वितृष्णा भरिएको यो सारवस्तु राजनीतिक विषयसँग सम्बद्ध छ। यसबाट व्यक्तिगत र दलीय स्वार्थमा लागेर नेपाली जनताको भाग्य र भविष्यप्रति बेवास्ता गर्ने नेताहरूप्रति चरम वितृष्णाको भाव प्रस्तुत गर्न यो सारवस्तुुयुक्त लघुकथाको निर्माण भएको स्पष्ट हुन्छ।

**राजनीतिक चरित्रको उद्घाटन**

**तथ्य १**

अनुरोध गर्दा नमानेपछि उसलाई आआफ्नो समूहमा आउन जबरजस्ती गर्न थाले । जबरजस्ती गरेपछि उसले प्रतिवाद गर्‍यो । त्यसपछि उसलाई प्रतिवादी भन्न थालियो । सोही कारण ऊ पनि एउटा वादी भयो । अहिले ऊ प्रतिपक्ष नेता भएको छ (बजगाईँ, २०८०, पृ. २४) ।

खास समूह वा पक्षमा नलागी निरपेक्ष बन्न चाहने ऊ पात्रलाई वादीमा आबद्ध हुन आग्रह गरे पनि उसले त्यस्ता आग्रहलाई अस्वीकार गरिदिन्छ । यस प्रसङ्गमा अभिव्यक्त भएको उक्त कथांशमा कुनै वादीमा नलागेपछि उसलाई प्रतिवादी भन्न थालियो भनिएको छ । यसबाट ऊ भिन्न विचार वा समूहमा छ भन्ने कुरा स्पष्ट हुन्छ । अहिले ऊ प्रतिपक्षको नेता भएको छ भनेर उसलाई प्रतिपक्षको नेताको चरित्रका रूपमा प्रस्तुत पनि गरिएको छ । वादी सत्तापक्ष र 'ऊ प्रतिपक्ष राजनीतिक नेताको चरित्र अनुकूल बनेकाले यसलाई राजनीतिक विषयका रूपमा लिन सकिन्छ । 'ऊ अरूको विचारमा सहमत हुन नसक्ने कुरा व्यक्त भएकाले वादी र उसका बिचमा वैचारिक मतभिन्नता भएको प्रमाणित हुन्छ । यसरी राजनीतिक व्यक्तिहरूमा वैचारिक मतभिन्नता रहेको छ भन्ने सारवस्तु यहाँ अभिव्यक्त भएको छ । नेपाली राजनीतिको चरित्रको उद्घाटन गर्न यो सारवस्तु प्रस्तुत भएको छ ।

**स्वार्थकता**

**तथ्य १**

'मानिसहरूले हाम्रो मात्र पूजा र प्रार्थना गर्न छोडेका हुन् । हाम्रो भक्त हुनु भन्दा नेता र राजनीतिक पार्टीको भक्त हुँदा फाइदा हुने देखेछन् । तिनीहरूले अहिले मन्दिरको परिक्रमा गर्नु भन्दा नेता र तिनको घरको परिक्रमा गर्न थालेका छन् (बजगाईँ, २०८०, पृ. ७५) ।'

देवताहरूलाई पात्र बनाइएको यस लघुकथामा मानिस नास्तिक हुँदै गएर देवताहरूको पूजा र प्रार्थना गर्न छोडेको कथन प्रस्तुत भएको छ । मानिसहरूका व्यवहारबाट देवताहरूको महŒव घट्ने डरले बैठक बसी त्यसको कारण पत्ता लगाउने क्रममा अभिव्यक्त भएको उक्त लघुकथांशमा 'हाम्रो भक्त हुनु भन्दा नेता र राजनीतिक पार्टीको भक्त हुँदा फाइदा हुने देखेछन्' भनिएको छ । नेता र पार्टीको भक्त हुनु राजनीतिक विषय हो भने फाइदाका लागि काम गर्नु स्वार्थको विषय हो । यसबाट मानिसहरू नेता र राजनीतिक पार्टीको उपयोग गरी स्वार्थ पूरा गर्न थालेका छन् भन्ने सारवस्तु अभिव्यक्त भएको छ । समकालीन नेपाली समाजका कतिपय व्यक्तिले स्वार्थवस नेता र राजनीतिक पार्टीको भक्ति गरेको यथार्थताको अभिव्यक्तिका लागि उक्त सारवस्तु प्रस्तुत भएको छ ।

## निष्कर्ष

साहित्यकार कृष्ण बजगाईँका लघुकथामा राजनीतिक विषयलाई महŒवका साथ प्रस्तुत गरिएको छ । यहाँ राजनीति गर्ने नेता तथा कार्यकर्ताको मात्र नभएर सामान्य जनताको भूमिकालाई पनि प्रस्तुत गरिएको छ । राजनीतिक क्षेत्रमा भए गरेका अनेक नकारात्मक गतिविधिहरू चर्चा गर्दै यस क्षेत्रसँग सम्बद्ध सारवस्तुहरूको अभिव्यक्ति यिनका लघुकथामा पाइएका छन् । यी सारवस्तुहरूको अभिव्यक्तिको प्रयोजनलाई हेर्दा राजनीतिक बेथिति, राजनीतिक बेइमानीपन, राजनीतिक असचेतता, विरोधीहरूको दमन, नैतिक पतन, देखावटीपन, नातावाद, शक्तिको दुरुपयोग, नेताप्रतिको वितृष्णा, राजनीतिक चरित्रको उद्धाटन र स्वार्र्थपरकताजन्य सारवस्तुलाई उजागर गर्न बजगाईँले राजनीतिक विषयका लघुकथाहरूको रचना गरेको पाइन्छ । राजनीतिक क्षेत्रमा भएका विकृति र विसङ्गतिप्रति व्यङ्ग्य गर्नका लागि पनि उक्त सारवस्तुयुक्त रचनाले स्थान पाएका छन् ।

बजगाईँका लघुकथामा राजनीतिकर्मीका व्यवहारमा देखिएको राजनीतिक बेथिति र बेइमानीपनलाई पर्दाफास गर्न अत्यधिक मात्रामा सारवस्तुहरूको अभिव्यक्ति भएको पाइन्छ भने जनताका व्यवहारमा देखिएको राजनीतिक असचेततालाई अधिक मात्रामा सारवस्तु अभिव्यक्तिको कारण बनाइएको छ । नेताले गरेको विरोधीहरूको दमन, तिनको नैतिक पतनजन्य व्यवहार, देखावटीका लागि गरिएका कार्य, नातावादी प्रवृत्ति, शक्तिको दुरुपयोग गरी गरिएका गैरकानुनी कार्य तथा नेताका व्यवहारबाट दिक्क भएका जनताको आक्रोशजन्य गतिविधिलाई सामान्य मात्रामा सारवस्तु प्रस्तुतिको कारण बनाइएको छ । यसर्थ बजगाईँका राजनीतिक विषयका लघुकथामा सारवस्तु अभिव्यक्तिका प्रयोजनहरूमा विविधता र समग्रतासमेत पाइएको छ । यसबाट उनी राजनीतिमा विकृतिमुक्त सदाचारको अपेक्षा गर्दछन् भन्ने कुरा स्पष्ट भएको छ ।

## सन्दर्भ सामग्री सूची


केसी, लता (सन् २०२३, जुलाई ६), कागजको मन्त्रीमाथि एक नजर, *समकालीन साहित्य,* https://www.samakalinsahitya.com.

कोइराला, कुमारप्रसाद (२०७३), समसामयिक नेपाली लघुकथा लेखनको स्थिति र चुनौती, *समकालीन साहित्य, ७८,* १४—२० ।

गौतम, लक्ष्मणप्रसाद (२०७२), *लघुकथाको रचनाविधान,* लघुकथा समाज ।

दाहाल, खेम (सन् २०२४ जनवरी २२) कागजको मन्त्री एक चिनार, *समकालीन साहित्य,* https://www.samakalinsahitya.com.

बजगाईँ, कृष्ण (२०८०), 'कागजको मन्त्री' भुँडीपुराण प्रकाशन ।

भण्डारी, हरिप्रसाद (२०८०), नेपाली लघुकथामा व्यङ्ग्य, [अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध] , नेपाल संस्कृत विश्वविद्यालय ।

लामिछाने, कपिल (सन् २०२३, अक्टुबर २०), 'कागजको मन्त्री' का लघुकथामा सामजिक तथा राजनीतिक यथार्थको अभिलेखन, *समकालीन साहित्य,* https://www.samakalinsahitya.com.

शर्मा, मोहनराज (२०७८), *समालोचनाका नयाँ कोण,* ओरिएन्टल पब्लिकेसन ।

श्रेष्ठ, दयाराम (२०७८), *नेपाली लघुकथा र कथाकारहरू,* नेपाल प्रज्ञा–प्रतिष्ठान ।